# व्यवसायिक भैंसी पालन तालिम




## निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड

**फर्साटिकर, रुपन्देही**

**१२-१४ बैशाख २०७९**

C20-Commercial Buffalo Farming Training - Farsatikar, Rupandehi 25-27 April 2022

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड शाखा कार्यालय, फर्साटिकर, रुपन्देहीले ३१ जना ग्राहक सदस्यहरूको सहभागितामा २०७९ बैशाख १२ देखि १४ गते सम्म रुपन्देही जिल्लाको फर्साटिकरमा **"व्यवसायिक भैंसी पालन तालिम"** सम्पन्न गरेको छ । शुद्धोधन गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत श्री झबिलाल भट्टराईको प्रमुख आतिथ्यता तथा निर्धन उत्थान क्षेत्रीय कार्यालय भैरहवाका प्रमुख श्री शम्भु न्यौपानेको विशेष आतिथ्यतामा कार्यक्रम शुभारम्भ गरिएको थियो । उक्त तालिममा शुद्धोधन गाउँपालिकाका पशु विकाश अधिकृत श्री भुमिश्वर खनाल तथा नेपाल लाईभस्टक ईन्नोभेसन आयोजना बुटवलका अनुगमन तथा मूल्याङ्कन अधिकृत डा. शिवलाल भुसालले प्रशिक्षण दिएका थिए ।

प्रमूख अतिथि श्री झबिलाल भट्टराईले ग्रामिण क्षेत्रका जनताको घरदैलोमा गई उनिहरुलाई आर्थिक क्रियाकलापमा संलग्न गराई गरिबी कम गराउन निर्धन संस्थाले गरेको कार्य सराहनिय रहेको र यस कार्यमा कुनै सहयोग आवश्यक परेमा गाउँपालिका सहकार्य गर्न तत्पर रहेको बताउनु भयो । कार्यक्रममा प्रमुख प्रशिक्षक श्री भुमिश्वर खनालले सुखी र समृद्ध नेपालको परिकल्पना साकार पार्न यस संस्थाले गरेको विपन्न वर्ग संगको आर्थिक, सामाजिक कार्यले वास्तवमै गरिबी कम हुने विश्वास दिलाउनु भयो । विशिष्ट अतिथि श्री शम्भु न्यौपानेले बचत र कर्जाको माध्यमबाट सदस्यहरुको आयस्तरमा परिवर्तन ल्याउन यस्ता तालिमको आवश्यकता महशुस गरि कार्यक्रम आयोजना गरिएको बताउनु भयो । उक्त कार्यक्रममा श्रीमान्को मृत्यु पश्चात सदस्य मिना कुमाललाई रु. २८,०००।- र सदस्य जसीकला थापाको मृत्यु पश्चात हकवाला छोरी देवकला थापालाई रु. १०,७८,०८०।- वीमा क्षतिपूर्ति रकम वितरण गरिएको थियो ।

तालिममा भैंसी पालन व्यवसाय एक परिचय, भैसी पालनको महत्व, नेपालमा पालिने विभिन्न स्थानीय तथा उन्नत नश्लका भैंसीको जातिय परिचय, कमी कमजोरी, संरक्षण तथा विकास, रोगी तथा निरोगी भैंसीको पहिचान गर्ने तरिका, रिपिट ब्रिडर्स, गर्भपतन, डिसटोकिया, प्रोल्याप्स रोगका कारण, लक्षण, उपचार तथा रोकथामका उपायहरु, दुग्ध उत्पादनमा भैंसीको योगदान, दुधालु भैंसी छनौट गर्ने प्रक्रिया, भैंसीको पाडो खोज्ने उमेर, पाडो खोजेको समय पत्ता लगाउने, पाडो लगाउने उत्तम समय, कृत्रिम/प्राकृतिक गर्भाधान, भैंसीमा बाँझोपनाका कारणहरुको साथै समाधानका उपायहरु, भैंसी पालन विधि, उमेर र अवस्था अनुसार भैंसी, पाड/पाडीलाई भुईं (ठाउँ) को आवश्यकता तथा स्थानीय श्रोत साधनको प्रयोग गरी उन्नत गोठ निर्माण गर्ने तरिका, ब्याउने भैंसी, दुहुना भैंसी तथा पाडा/पाडीको हेरचाह, बिगौती दुध र यसको महत्व, दुहुना भैंसीको लागि हरियो घाँस तथा सन्तुलित दानाको महत्व, स्थानीय श्रोतबाट उपलब्ध कच्चा पदार्थहरुको प्रयोग गरी सन्तुलित दाना बनाउने प्रविधि, दुधालु भैंसीको लागि बर्षै भरि हरियो घाँस उत्पादन गर्ने तरिका, भैंसीमा हुने आन्तरीक तथा बाह्य परिजीवीहरुको नियन्त्रण, खोप कार्यक्रम, उन्नत गाई/भैंसी पालन व्यवसायको योजना तर्जुमा, अभिलेख राख्ने तरीका, बजार ब्यवस्थापन, पशु बीमा र यसको महत्व आदिको सम्बन्धमा प्रशिक्षकरूले सहजिकरण गरेका थिए ।

तालिमको अन्त्यमा सहभागीहरु मध्येबाट श्री अनिता बेल्बासे, श्री ईन्द्रकला भण्डारी र श्री सावित्री खनालले मन्तब्य राख्दै व्यवसायिक रूपमा भैंसी पालन गरी आम्दानी वृद्धि गर्न तालिमले हौसला प्रदान गरेको बताउनु भयो । सहभागीहरूले तालिममा सिकेका विषयहरूलाई व्यवसायमा प्रयोग गरि व्यवस्थित र आधुनिक तरिकाले व्यवसाय सञ्चालन गर्ने प्रतिवद्धता जनाएका थिए । तालिम कार्यक्रमको संयोजन संस्थाका फर्साटिकर शाखा कार्यालयका प्रमुख श्री कृष्ण बहादुर थापाले गर्नु भएको थियो ।